सल्पासिलिछो गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भोजपुर कोशी प्रदेश नेपाल

गाउँकार्यपालिका बैठक संख्या ११/०८१।८२

आज मिति २०८२ वैशाख ११ गतेका दिन दिउँसो ११:०० बजे गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ ज्यूको अध्यक्षतामा देहाय बमोजिम उपस्थितीमा कार्यपालिका बैठक सम्पन्न भयो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दौलथ कुलुङ | अध्यक्ष | |
| २ | श्री अस्मिता कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री गणेश बुढाथोकी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री गणेश खत्री | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री विनोद राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री संजय राई | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री शिवकुमार राई | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री विक्रम बन सन्यासी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री सुरज राई | कार्यपालिका सदस्य | |
| १० | श्री दिल कुमार राई | कार्यपालिका सदस्य | |
| ११ | श्री निमदिकी शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री देशमाया दर्जी | कार्यपालिका सदस्य | |
| १३ | श्री कलावती राई | कार्यपालिका सदस्य | |
| १४ | श्री उर्मिला विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री बुनु राई | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नम | प्द | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री केशव सापकोटा | लेखापाल | |
| २ | श्री मणिकुमार श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर माइनेट लेखन | |
| ३ | बिर बहादुर बुढायोकी | कार्यालय सहयोगी | |

## अनुसुची -१

**प्रस्तावको ढाँचा**

(वुंदा ५.२ संग सम्बन्धित)

### साल्पासिलिछो गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### भोजपुर, कोशी प्रदेश, नेपाल

विषय: बैठकमा प्रश्ताव पेश गरिएको सम्बन्धमा ।

प्रश्ताव पेश गर्न अध्यक्षबाट स्वीकृती प्राप्त मिति २०८२।०१।१०

**प्रस्ताव नं १,** आ.ब. २०८२/०८३ को प्रदेश समपुरक तथा बिषेश अनुदान सम्बन्धमा ।

**प्रस्ताव नं २,** आ.ब. २०८२/०८३ को बजेट तर्जुमाको पुर्व तयारी सम्बन्धमा ।

**प्रस्ताव नं ३,** याक्शा नागदह मोटरएवल पुलको म्याद थप सम्बन्धमा ।

**प्रस्ताव नं ४,** जनप्रतिनिहरुलाई तालिम सञ्चालन सम्बन्धमा ।

**प्रस्ताव नं ५,** नवप्रर्वतन साझेदारी कोष कार्यान्यन निर्देशिका २०७८ बमोजिम अवधारणा पत्र पेश गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं ६,** जे.सि.भी. मर्मत सम्बन्धमा।

**प्रस्ताव नं ७,** मुन्दुम पदमार्गको लागि साझेदार रकम सुनिश्चित सम्बन्धमा । चालु आ.ब. २०८१/०८२ र आगामी आ.ब. २०८२/०८३ को लागि ।

**प्रस्ताव नं ८,** कृषिको कार्यक्रम सम्बन्धमा ।

**प्रस्ताव नं ९,** जाल्पादेवी इनर्जीको राजश्व छुट सम्बन्धमा ।

**प्रस्ताव नं १०,** आ.ब. २०८१/०८२ को अर्धबार्षिक समिक्षा सम्बन्धमा ।

**प्रस्ताव नं ११,** विविध सम्बन्धमा ।

## निर्णयहरुः

### निर्णय नम्बर १ (एक)

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको पत्र संख्या २०८१/०८२ चलानी नं. १०११ मिति २०८१/१२/२१ गतेको पत्र अनुसार कोशी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०८१ को दफा ३ बमोजिम यस गाउँपालिकाबाट देहायको प्राथमिकताक्रमको आधारमा निम्न योजनाहरु प्रदेश समपूरक अनुदानको लागि माग गर्ने निर्णय गरियो ।

**प्रदेश समपुरक अनुदान तर्फः**

| क.सं. | आयोजनाको नाम | क्षेत्र | ठेगाना | कुल बजेट | प्रदेश समपुरक अनुदान | गाउँपालिका |
|---|---|---|---|---|---|---|
| १ | दोभाने-सालेवा-याङ्मा-ओखरबोटे हुँदै खोटाङ मोटरबाटो स्तरउन्नती तथा निर्माण | पुर्वाधार | वडा नं. ६ | २ करोड | १ करोड ६० लाख | ४० लाख |
| २ | फेदी-च्याक्सिला-विलमाटे-सोलु मोटरबाटो स्तरउन्नती तथा निर्माण | पूर्वाधार | वडा नं. ५ | २ करोड | १ करोड ६० लाख | ४० लाख |
| ३ | ताँबुटार देखी मेवाहाङ चौक मोटरबाटो स्तरउन्नती | पूर्वाधार | वडा नं. ३ | १ करोड | ८० लाख | २० लाख |

### निर्णय नम्बर २ (दुई)

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्नु पर्ने भएकाले गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आगामी कार्यपालिका बैठकमा कुल बजेट तथा बजेट सीमा निर्धारण तयार गरी पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३ (तीन)

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको वडा नं. ४ खाटाम्मा र षडानन्द नगरपालिका वडा नं. २ जोड्ने याक्शा नागदह मोटरएवल पुलको बारेमा गाउँपालिका कार्यालयबाट अनुगमन तथा निरीक्षण गरी गाउँपालिका कार्यालय र BIKASH & BROTHERS/AATREYA/SARAS J.V. सँग भएको सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ४ (चार)

प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब.२०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि साईवर सुरक्षा तथा प्रविधिको प्रयोगको बिषयमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ५ (पाँच)

प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश, विराटनगरको मिति २०८१/१२/२६ गते प्रकाशित सुचना अनुसार यस गाउँपालिकाबाट जैविक तथा प्राङ्गरिक मलको उद्योग स्थापनाका लागि नवप्रर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ अनुसार प्रस्तावना पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ६ (छ)

प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयको मातहतमा रहेको जे.सि.भी. स्काइभेटर मर्मतको लागि सम्बन्धीत कम्पनीबाट मेकानिकल ईन्जिनियर झिकाई मर्मत तथा मेसिन एक्सचेन्जको विषयमा छलफल गरी गाउँपालिकाको मेसिन सञ्चालन समिति र गाउँपालिका कार्यालयबाट आबश्यक निर्णयको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ७ (सात)

प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको तर्फबाट मुन्दुम पदमार्गमा आधारित पर्यटन विकास परियोजनाको लागि गाउँपालिकाको तर्फबाट आ.ब. २०८१/०८२ को लागि रु. ४४००००/- (चार लाख चालिस हजार मात्र) र आगामी आ.ब. २०८२/०८३ को लागि रु. ५६४८६४९/- (छपन्न लाख अडचालिस हजार छ सय उनन्चालिस मात्र) बजेट सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ८ (आठ)

प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रम कृषि शाखाबाट पेश भएको देहायको कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

तपशील:

गाउँपालिकामा नर्सरी व्यवस्थापन रु. ३०००००/-

| क.सं. | छनौट भएका व्यक्ती | वडा नं. | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | जय बहादुर आचार्य | वडा नं. २, कटहरे | ५००००/- | सुन्तला, कफी |
| २ | जय बहादुर राई | वडा नं. १, काम्लेटार | १०००००/- | सुन्तला, कफी |
| ३ | होमराज गुरुङ् | वडा नं. ३, चौकीडाँडा | १०००००/- | सुन्तला, कफी, कागती |
| ४ | सुरेन्द्र खत्री | वडा नं. ६, खामदाक | ५००००/- | कफी |
| | | जम्मा | ३०००००/- | |

खाद्य सुरक्षा कार्यक्रम तरुल खेती विस्तार रु. २०००००/-

उत्पादन स्वरुप

| क.सं. | छनौट भएका व्यक्तीको नाम | वडा नं. | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | जमुना दंगाल | वडा नं. २, कटहरे | प्रति रोपनी ८ हजारको दरले । | कम्तीमा ३ रोपनी क्षेत्रफल मा तरुल खेती गरेको हुनुपर्ने । |
| २ | राजेश नाछिरी | वडा नं. ५, दोभाने | | |
| ३ | गणेश बहादुर कार्की | वडा नं. ६, दोभाने | | |
| ४ | होम कुमार खत्री | वडा नं. ६, दोभाने | | |
| ५ | जितेन्द्र घले | वडा नं. २ कुलुङ | | |

५० प्रतिशत अनुदानमा भकारो सुधार कार्यक्रम रु. ३०००००/-

| क.सं. | विवरण | संख्या | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. १ | २ वटा | ५००००/- | किसानको ५० प्रतिशत साझेदारी प्रति किसान २५०००/- पालिकाको तर्फबाट । |
| २ | वडा नं. २ | २ वटा | ५००००/- | |
| ३ | वडा नं. ३ | २ वटा | ५००००/- | |
| ४ | वडा नं. ४ | २ वटा | ५००००/- | |
| ५ | वडा नं. ५ | २ वटा | ५००००/- | |
| ६ | वडा नं. ६ | २ वटा | ५००००/- | |
| | | जम्मा | ३०००००/- | |

किसान सुचीकरण कार्यक्रम रु. १०००००/- (शर्सत)

| क.सं. | विवरण | संख्या | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | ६ वटै वडाका निश्चित किसानहरुको लागि परिचय पत्र वितरण कार्यकतम | सुचिकृत कृपकको आधारमा | १०००००/- | |

## निर्णय नम्बर ९ (नौ)

प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा जाल्पादेवी इनर्जी प्रा.लि. टोखा ७ धापासी काठमाण्डौको निवेदनको विषयमा आवश्यक छलफल गरि निर्णय गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १० (दश)

प्रस्ताव नम्बर १० माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.व. २०८१/०८२ मा सञ्चालित योजना तथा कार्यक्रमहरुको हालसम्मको समिक्षा गर्दा योजना तथा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि वडा कार्यालय तथा विषयगत शाखाहरुहरुबाट तोकिएको समयमा योजना तथा कार्यक्रम सम्पन्न गर्न कडाईका साथ लागु गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर ११ (एघार)

प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा देहायका निर्णय गरियो ।

१. साल्पासिलिछो गाउँपालिकाको २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार देहायका योजना तथा कार्यक्रम आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी निम्न शिर्षकका खर्च गर्ने निर्णय गरियो ।

| क.सं. | स्वीकृत योजना/कार्यक्रमको नाम | रकम | परिवर्तित योजना तथा कार्यक्रमत् | रकम |
|---|---|---|---|---|
| १ | म.स्वा.से स्वास्थ्य विमा कार्यक्रम | ६३००० | मैसरी कोष | ६३०००/- |
| २ | संघ संस्था सहयोग वडा ४ को २५००००/- मध्ये | ५००००/- | राष्ट्रिय परिचय पत्र नागरिकता बनाउने शिविर सञ्चालन | ५००००/- |
| | जम्मा | १०३०००/- | जम्मा | १०३०००/- |

२. साल्पासिलिछो गाउँपालिका वडा नं. ५ मा रहेको आधारभूत स्वास्थ्य केन्द्र फेदीमा कार्यरत अ.हे.व. श्री मञ्जु राई लाई सामुदायिक स्वास्थ्य इकाइ साल्पासिलिछो वडा नं. ६ थुम्लुङमा खटाउने निर्णय गरियो । साथै सामुदायिक स्वास्थ्य इकाई थुम्लुङको अ.हे.व. सोनु नाहिरी लाइ आधारभूत स्वास्थ्य केन्द्र फेदीमा कामकाज गर्न खटाउने निर्णय गरियो ।